प्रतिदिन
१६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१६ ।। अङ्क : ३०९ ॥ २०८१ पुष १५ गते सोमबार (30th Dec 2024 Monday) | **Pratidin** National Daily | मूल्य-रु.५/-


### दुर्घटनाको महत्वपूर्ण कारण पत्ता लाग्यो

# लागूपदार्थ सेवन गरी सार्वजनिक सवारी चलाउने १४ पक्राउ



झापा(प्रस)। लागूपदार्थ सेवन गरेर चालक र सहचालकले सवारी साधन चलाउँदा काँकडभिट्टाबाट धरान तथा बिराटनगर चल्ने धेरै सार्वजनिक सवारी साधनहरु दुर्घटनामा परेको चेकजाँचबाट पुष्टि भएको छ। चालक र सहचालकहरुले लागूपदार्थ सेवन गरी सवारी चलाउने गरेको गुनासोका आधारमा त्यस्ता सवारी साधनलाई लक्षित गरी ट्राफिक प्रहरीले गरेको चेकजाँचमा आधाजति सवारी साधनका चालक र सहचालकहरुले लागूपदार्थ सेवन गरेको भेटिएको हो । खासगरी काँकडभिट्टाबाट धरान तथा बिराटनगर चल्ने सार्वजनिक सवारीसाधन दुर्घटनाको एउटा महत्वपूर्ण पक्ष लागूपदार्थको प्रयोग भएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक गणेश पौडेलले बताए। दुई दिनअघि कमल गाउँपालिका- ३ केर्खास्थित पूर्वपश्चिम राजमार्गमा चालकहरुको स्वास्थ्य परीक्षण तथा लागूपदार्थ सेवन परीक्षण कार्यक्रम संचालन गरिएको थियो । त्यसक्रममा १४ जनाले लागूऔषध सेवन गरेको भेटिएको थियो । दुर्घटनाका विविध कारणमध्ये लागूऔषधको प्रयोग महत्वपूर्ण कारण भएको प्रहरी निरीक्षक पौडेलले बताए । शंकास्पद चालक र सहचालकहरुको पिसावलाई किट परीक्षण गर्दा १४ जनामा पोजेटिभ भेटिएकाले उनीहरुलाई थप अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय दमक पठाइएको पौडेलले जानकारी दिए । लागूपदार्थ सेवन गर्नेहरुमा सार्वजनिक बस चालक ४ जना, सहचालक ६ जना, इभी चालक २ जना , सहचालक एक जना र मोटरसाइकल चालक एक जना रहेका छन् । उमेर समूहअन्तर्गत त्यस्ता चालक र सहचालकहरु १८ बर्षदेखि ५० बर्षसम्मको रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी वरिष्ठ नायव निरीक्षक अर्जुन सोडारीले बताए। आशंकित २८ जना सवारी चालक र सहचालकहरुको पिसाव परीक्षण गर्दा प्रारम्भिक नतिजामा १४ जनामा लागूपदार्थ सेवन पोजेटिभ देखिएको सोडारीले जानकारी दिए । इलाका प्रहरी कार्यालय दमक र जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाको आयोजना तथा कमल गाउँपालिका र लायन्स क्लब अफ दमक स्वीट सिटी/ स्टन लाईनको समन्वयमा गरिएको उक्त कार्यक्रममा चालकहरुको रक्तचाप, आँखा तथा कान परीक्षणसमेत गरिएको थियो ।

झापामा लागूपदार्थ सेवन गरी सवारी चलाउने चालकको संख्या बढेको गुनासोसँगै दुर्घटनासमेत बढ्दा त्यसको नियन्त्रणका लागि ट्राफिक प्रहरी कार्यालयले लापसे जाँच सुरु गरेको हो । तर, झापामा यसले नियमितता पाउन सकेको छैन । लागूपदार्थ सेवन (लापसे) परीक्षण गर्ने किट महंगो पर्ने र पर्याप्तरुपमा नभएका कारण यसलाई निरन्तरता दिन नसकिएको जनाइएको छ ।

# बालेनले पूर्वमेयर पिएल सिंहको सालिक बनाउने

झापा(प्रस) ।काठमाडौं महानगरपालिकाले पूर्वमेयर प्रेमलाल सिंह (पिएल) को सालिक निर्माण गर्ने भएको छ। मेयर बालेन शाहले पूर्वमेयर सिंहको पूर्णकदको सालिक राष्ट्रिय सभा गृह परिसरमा निर्माण हुने घोषणा गरेका हुन्।

‘काठमाडौं महानगरपालिकाका पूर्वप्रमुख पिएल सिंहको २०८१ पुष १ गते निधन भएको थियो।



उहाँको सम्झनामा काठमाडौं महानगरपालिकाले आफ्नो संरक्षणमा रहेको राष्ट्रिय सभा गृह परिसरमा पूर्णकदको सालिक निर्माण गर्ने घोषणा प्रमुख बालेन शाहले यसै सभामार्फत् गर्नुभएको छ,’ नगर सभाको आइतबार भएको १६ औं अधिवेशनबाट जानकारी दिइएको छ। पिएल सिंहको ८८ वर्ष उमेरमा पुस १ गते चाक्सीबारीमा निधन भएको थियो।

सिंह प्रजातन्त्र पुनर्स्थापनालगत्तै २०४९ सालमा भएको स्थानीय निकायको चुनावबाट काठमाडौंको मेयर निर्वाचित भएका थिए। उनकै पालामा काठमाडौं महानगरपालिकामा रूपान्तरण भएको थियो।

यसैबीच काठमाडौं महानगरपालिकाले चालू आवको ५ महिनामा जम्मा १६ प्रतिशतमात्र बजेट खर्च गर्न सकेको छ। जसमध्ये पुँजीगत खर्च करिब ११ प्रतिशत छ भने कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च सबैभन्दा बढी साढे ३६ प्रतिशतभन्दा बढी छ।

काठमाडौं महानगरपालिका नगरसभाको १६औं अधिवेशनमा उपप्रमुख सुनिता डङ्गोलले चालू आवको बजेटको कार्यक्रम तथा बजेटको संशोधन प्रस्ताव पेश गर्दै यस्तो जानकारी दिएकी हुन्।

साथै काठमाडौं महानगरपालिकाले चालू आव ०८१-८२ को अर्धवार्षिक समीक्षाअगावै बजेट संशोधन प्रक्रिया पनि शुरु गरेको छ।

“महानगरपालिकाको वार्षिक खरिद योजना र चौमासिक प्रगति विवरणअनुसार चालू आवको स्वीकृत नीति तथा कार्यक्रमअनुसार लक्ष्य हासिल गर्न केही कार्यक्रम हेरफेर गर्न जरुरी देखिएको छ”, उपप्रमुख डंगोलले भनिन्, “विनियोजित बजेटमा कुनै योजना सञ्चालन गर्न नसकिने, कतिपय आर्थिक कार्यविधिअनुसार समय लाग्ने, कतिपय बहुवर्षीय योजनाअन्तर्गत सञ्चालन गर्नुपर्ने भएकाले विनियोजित रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिएका र केही अत्यावश्यक योजना तथा कार्यक्रमका लागि बजेट विनियोजन गर्नुपर्ने देखिएकाले यो संशोधन प्रस्ताव पेश गर्नुपरेको हो।”

संशोधन बजेट प्रस्ताव गर्दा विषय विज्ञ, महानगरका विषयगत समिति एवं अन्य विभिन्न समितिमा छलफल तथा विश्लेषण गरी बजेट तथा कार्यक्रम तर्जुमा समिति र कार्यपालिका बैठकबाट सर्वसम्मत रूपमा पास गरी नगरसभामा पेश गरिएको उपप्रमुख डङ्गोलले बताइन्। आवका लागि विनियोजित कुल बजेट रकम, चालू तथा पुँजीगत खर्च रकममा कुनै थपघट नगरी

❖ बाँकी अन्तिम पृष्ठमा

# झापामा सबैभन्दा बढी लाभांश दिने लक्ष्मी बहुउद्देश्यीय

बिर्तामोड(प्रस)। निक्षेपकर्ताहरुको रकम फिर्ता गर्न नसकेर झापाका केही सहकारीहरु अप्ठ्यारोमा परिरहेका बेला बिर्तामोडको लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाले शेयर पुँजीको १२.६ प्रतिशत लाभांश बितरण गरेको छ । जुन झापा जिल्लाकै सबैभन्दा बढी हो ।

लक्ष्मी बहुउद्देश्यीय सहकारीले गत वर्ष १२.१७ प्रतिशत लाभांश वितरण गरेकोमा यस वर्ष बढाएर १२.६० प्रतिशत पुर्याएको हो । यसरी सबैभन्दा धेरै लाभांश बितरण गरेको लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाको बारेमा २८ औं वार्षिक साधारण सभाका सहभागी वक्ताहरुले प्रशंसा गरेका छन् । उनीहरुले करिव तीन दशकदेखि आफ्नै गतिमा संचालन भइरहेको लक्ष्मी बहुउद्देश्यीय सहकारीलाई नहौसिन सुझाव दिएका छन् । लक्ष्मी बहुउद्देश्यीय सहकारी बिर्तामोडभरिमा उत्कृष्ट मात्र नभएर नमूना भएको उनीहरुको भनाई थियो ।

संस्थाका अध्यक्ष लिलाबहादुर बस्नेतको अध्यक्षतामा भएको साधारण सभालाई पूर्व अध्यक्ष




चन्द्रकुमार राजभण्डारीले उद्घाटन गरेका थिए । कार्यक्रममा बिर्तामोड नगरपालिकाका पूर्व सहकारी अधिकृत डिल्ली दाहाल , सहकारीका संस्थापक सचिव एवं पूर्व अध्यक्ष डा. रुपक खनाल , सप्तकोशी डेभलपमेन्ट बैकका प्रमुख कार्यकारी अधिकृत दिनेश पोखरेल , जिल्ला सहकारी संघका सदस्य तथा स्वरोजगार भवानी साकोसका अध्यक्ष केशब बस्नेत ,कर्णाली साकोसका अध्यक्ष टसबहादुर श्रेष्ठलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

संस्थाले आर्थिक वर्ष २०८०-०८१ मा १ करोड ४ लाख ५३ हजार ५८४ रुपैयाँ मुनाफा कमाएको छ । त्यसलाई अर्को वर्ष बढाएर १ करोड ९४ लाख ५० हजार रुपैयाँ पुर्याउने लक्ष्य राखिएको छ । त्यस्तै संस्थाको शेयर पुँजी ३ करोड २२ लाख ६२ हजार २०० रुपैयाँ रहेकोमा त्यसलाई अर्को वर्ष बढाएर ४ करोड पुर्याउने लक्ष्य राखिएको संस्थाका अध्यक्ष लीलाबहादुर बस्नेतद्वारा प्रस्तुत वार्षिक प्रतिवेदनमा उल्लेख छ । त्यस्तै कुल निक्षेप ३५ करोड ४८ लाख ९८ हजार ५९४ रुपैयाँ रहेकोमा त्यसलाई बढाएर ४५ करोड पुर्याउने लक्ष्य राखिएको अध्यक्ष बस्नेतले बताए । कार्यक्रममा उत्कृष्ट बचतकर्ताहरु प्रयत्न शाक्य,चरणसिंह राजवंशी , भिमबहादुर लिङ्देन , गोपालकृष्ण अग्रवाल , दाताराम मैनाली , सरोज अधिकारी , सुनिल खरेल , गीतादेवी ढकाल ,ऋणीतर्फ सुजता बुढाथोकी , अम्बिका तामाङ, भिम खरेल , टिकप्रसाद मिश्र र मित्रकुमार मगरलाई नगदसहित सम्मान गरिएको थियो । सहकारीका उपाध्यक्ष भगिरथ पोद्धारले स्वागत गरेको कार्यक्रमको संचालन लेखा समिति संयोजक रोशन दाहालले गरेका थिए । कूल ४ हजार ३६० जना शेयर सदस्य रहेको संस्थाले धितोमा मात्र कर्जा लगानी गर्ने गरेको व्यवस्थापक पुण्यप्रसाद अधिकारीले जानकारी दिए ।

# ब्लेडले आफ्नै घाँटी रेटेर महिलाद्वारा आत्महत्या

झापा(प्रस) । इलाममा ब्लेडले आफ्नै घाँटी रेटेर एकजना महिलाले आत्महत्या गरेकी छन् । आइतवार बिहान ११ बजे इलाम माई नगरपालिका वडा नं २ डाँडागाउँ बस्ने शेरबहादुर लिम्बूकी श्रीमती अन्दाजी ४६ वर्षीया गोमा लिम्बूले ब्लेडले आफ्नै घाँटी रेटेर हत्या गरेकी



हुन् । घाइतेलाई उपचारको लागि अस्पताल पठाउने तयारी गर्दैगर्दा घरमा नै उनको मृत्यु भएको प्रहरीले जनाएको छ । उनले आत्महत्या गर्नुको कारण खुलिसकेको छैन । उनी जण्डिसको बिरामी भएको भन्ने बुझिएको छ । दिउँसो ३:५० बजे प्रहरी चौकी दानाबारीमा जानकारी प्राप्त हुनसाथ प्रहरी टोली खटिएर घटनास्थल सुरक्षित राखेको थियो । जिल्ला प्रहरी कार्यालय इलामबाट प्रहरी टोली खटिएर आवश्यक कानुनी प्रक्रिया पुरा गरी शव पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको इलाम प्रहरीले जनाएको छ ।

# धान-चामलको अवैध आयात रोकियो



झापा(प्रस) । खुला सीमानाका हुँदै धान र चामल तस्करी पूर्ण रूपमा नियन्त्रण भएको छ । विराटनगरका राइस मिल उद्योगका अनुसार भारतले धानको निर्यात शुल्क हटाएपछि अवैध बाटोबाट आयात हुने धान-चामल आफैं नियन्त्रणमा आएको हो ।

उद्योगीका अनुसार नेपालमा गत वर्षको यही सिजनमा चामलको मूल्य प्रतिकिलो १५ देखि २०

❖ बाँकी तेस्रो पृष्ठमा


## झापा गोल्डकप
## बिर्तामोड, झापाको सूचना

मिति २०८१ पुस ०३ गते बसेको कार्य समिति बैठकबाट **झापा गोल्डकप बिर्तामोड**को बार्षिक साधारणसभा र अधिवेशन मिति २०८१ पुस २९ गते गर्ने निर्णय भएको हुँदा झापा गोल्डकपको विधान अनुसार सम्पूर्ण सदस्यहरुले मिति २०८१ पुस २५ गतेभित्र आ-आफ्नो सदस्यता नवीकरण गर्नु/गराउनुहुन गोल्डकपका सम्पूर्ण सदस्यहरुलाई यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**कार्यक्रम**

**साधारणसभा तथा अधिवेशन**

मिति: २०८१ पुस २९ गते | समय: विहान ११ बजे
स्थान: अतिथि सदन, बिर्तामोड | निर्वाचन: २०८१ पुस २९ गते

**गजेन्द्र पौडेल** सचिव | **बलराम कार्की** साधारणसभा तयारी समिति संयोजक | **बिनोद बस्नेत** अध्यक्ष



## चिसो मौसममा देखिने स्वास्थ्य समस्याबाट जोगिऔं

मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखला, छाला चिलाउने र सुख्खा हुने, जोर्नी दुखाई, पिनास (साइनसाइटिस), टन्सिल, हृदयाघातलगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।

**यी रोगले बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरू बढी प्रभावित हुन्छन् ।**

- उनीहरूको विशेष ख्याल राखौं ।
- बाक्लो र न्यानो कपडा लगाऔं ।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाऔं।
- स्वास्थ्यमा ध्यान दिऔं, कुनै समस्या देखिए नजिकैको स्वास्थ्य संस्थामा जाऔं ।



**झापा गाउँपालिकाको कार्यालय**
टाँघनडुब्बा, झापा

# विद्यार्थी छाप्रोमा बोरा ओछ्याएर पढ्दै

झापा । रौतहट, फतुवा विजयपुर नगरपालिका-१ की रबिताकुमारी मुखिया शीतलपुरस्थित दलित प्राथमिक विद्यालय कक्षा ३ मा अध्ययनरत छिन्। उनले अध्ययन सुरु गर्दै गर्दा सोचेको विद्यालय थियो- सुविधासम्पन्न भवन, चिरिच्याँट्ट डेस्कबेन्च। उनको यो सोच सपनाजस्तै भइरहेको छ।

स्कुल आउँदा नियमित पुस्तकसँगै बोरा लिएर आउनुपर्छ। त्यसपछि बोरा ओछ्याएर पढन् बस्छिन् भुइँमै उनी।



उनी भन्छिन्, 'स्कुलमा डेस्क, बेन्च, भवन, शौचालय केही पनि छैन,पढ्ने वातावरण छैन तर यो समस्या स्थानीय सरकार उदासीन छ।'

अर्का विद्यार्थी सुबोधकुमार पटेलले पनि फर्निचर अभावमा पढ्न कठिनाइ भएको बताउँछन्। 'फर्निचर र भवनमात्र भए पनि पढ्न सहज हुने थियो', उनी दुखेसो पोख्छन्, 'तर कसैले व्यवस्था गरिदिदैनन्,भुइँमै बसेर पढ्नुपरेको छ।'

नेपालमा औपचारिक तवरबाट विद्यालय स्थापना भएको सय वर्षभन्दा बढी भइसकेको छ। सरकारले वर्षेनि शिक्षामा ठूलो रकम छुट्याउने गरेको अहिलेको स्थितिमा विश्वमा अनेकौं शैक्षिक प्रविधि विकास भइरहँदा नेपाली विद्यार्थीले पनि प्रविधिको उच्चतम प्रयोग गरी पढ्न पाउनुपर्ने हो।

स्थिति यस्तो छैन मात्र होइन कि विद्यार्थीहरू अझै पनि भुईंमै बसेर पढ्न बाध्य छन्। दलित प्राविमा बोरा ओछ्याएर पढिरहेको भिडियो अहिले सामाजिक सञ्जालमा छ्यापछ्यापी भाइरल छ। यो समस्या अहिले मात्रै होइन विगत १७ वर्षदेखि बोरामा बसेर अध्ययन गरिरहेका छन् विद्यार्थीहरू। यसको व्यवस्थापन न केन्द्र सरकारले गरेको छ न त प्रदेश र स्थानीय तहले नै। यता सरकार भने भ्यू टावर निर्माण र उद्घाटनमा व्यस्त छ। प्रधानमन्त्री केपी शर्मा ओलीले मंसिर २३ गते झापाको दमक नगरपालिका-३ मा निर्मित १८ तले भ्यू टावरको उद्घाटन गरेका छन् ।

बकैया नदीको 'ड्याम'मा गणेश महराले दिएको १० धुर जग्गामा २०६४ सालमा दलित प्रावि स्थापना भएको हो। भवनका नाममा दुईवटा स-साना छाप्रा छन् तर कुनै पनि फर्निचर छैन। उक्त विद्यालयका निमित्त प्रधानाध्यापक हीरालालप्रसाद यादवका अनुसार घरबाट बोरा नल्याउनेले चिसो भुईंमा बस्नुपर्ने हुन्छ।

सामान्य वर्षा र प्रचण्ड गर्मीमा पनि विद्यालय बन्द गर्नुपर्ने बाध्यता छ। विद्यालयमा चारजना बाल विकास शिक्षिका, संघीय अनुदानका दुई शिक्षक र एक कार्यालय सहयोगी छन्। स्थापना भएको १७ वर्षमा एकजना पनि स्थायी शिक्षक छैनन्। नर्सरीदेखि कक्षा ५ सम्म १७५ विद्यार्थी छन्।

सोही विद्यालय स्थानान्तरणका लागि विजयपुर नगरपालिका-१ का तत्कालीन वडाध्यक्ष सञ्जय साहले चार कट्ठा जमिन किनेर पाँचकोठे भवन बनाएका थिए। उक्त जमिन रौतहट क्षेत्र नं ३ का सांसद प्रभु साहको तराई मधेश समृद्धि प्रतिष्ठानका नाममा किनेका रहेछन्। विद्यालयका नाममा बजेट लिए पनि जमिन विद्यालयको नाममा नहुँदा विद्यार्थीले सास्ती खेप्नुपरेको प्रधानाध्यापक यादवले बताए।

जनप्रतिनिधिहरूले उक्त विद्यालयलाई हेलासँगै राजनीति गर्दा हालसम्म समस्या समाधान हुन सकेको छैन। उक्त विद्यालय व्यवस्थापनका लागि बजेट भने छुट्याएको थियो तर अन्तै खर्च भयो। फतुवा विजयपुर नगरपालिका-१ का वडाध्यक्ष विजयकुमार यादवका अनुसार आव २०७७-७८ मै करिब ३५ लाख बजेट नगरपालिकाबाट विनियोजन भएको थियो।

तर तराई मधेश समृद्धिको नाममा त्यो बजेट खर्च गरियो। त्यसयता बजेट विनियोजन हुन नसकेको उनको भनाइ छ। 'बजेट त छुट्याइएको थियो तर अन्तै खर्च हुँदा फर्निचर जोड्न सकिएन',उनले भने।

नगरपालिकाका तत्कालीन शिक्षा शिक्षा शाखा प्रमुख मुकेश साहले नगरपालिकाका प्रमुखले चासो नदिएकै कारण विद्यार्थीहरू वर्षेनि भुइँमै बसेर पढ्न बाध्य भएको जानकारी दिए। 'नगरप्रमुखको ध्यानै गएन। यस्तो अवस्था त अन्य ठाउँको विद्यालयमा पनि छ', उनले भने। मधेश प्रदेशका अर्थमन्त्री जितेन्द्र यादव सोही शहरका हुन् तर यादवले पनि यो विद्यालयबारे चासो नदेखाएको उनको भनाइ छ। उक्त ठाउँमा सबै दलित विद्यार्थीहरू भएकाले नामै दलित प्राथमिक विद्यालय राखिएको उनको बताए।

विसं २०७९ मा निर्वाचित नगरप्रमुख निलम्बनमा परेपछि हालका कार्यवाहक नगरप्रमुख अम्बेया खातुन छन्। उनले पनि विद्यालयको अवस्थाबारे चासो दिएकी छैनन्। फतुवा विजयपुर नगरपालिका प्रमुख गोपाल राय यादव २०८० मै भ्रष्टाचारको मुद्दामा दोषी ठहर भएका छन्।

गत साउनदेखि उक्त विद्यालयमा दिवाखाजा पनि रोकिएको छ। विद्यालयका प्रधानाध्यापक यादवले पकाउने र भाँडा राख्ने ठाउँको अभाव भएकाले गत साउनदेखि विद्यार्थीलाई खाजा खुवाउन नसकेको तर्क राखे। शौचालयको अभावसमेत छ।

शौचालय अभावमा उनीहरू दिसापिसाब गर्न आफ्नै घर वा नजिकैको उखुबारी जानुपर्ने बाध्यता छ। यतिमात्रै होइन,शिक्षकहरूले पनि विगत ७ वर्षदेखि तलब नपाउँदै गुनासो गर्दै आएका छन्। तत्काल नगरपालिकाले तलब उपलब्ध गराउनुपर्ने उनीहरूका माग छ।

फतुवा विजयपुर नगरपालिका-१ का वडाध्यक्ष यादवले अबको एक महिनाभित्रमा फर्निचरको व्यवस्था हुने प्रतिबद्धता जनाए। उनले भने, 'केही दिनमा १०-१५ वटा डेस्कबेन्च उपलब्ध गराउँदै छौं, एक महिनाभित्रमा चाहिने सबै फर्निचरको व्यवस्था गर्ने छौं।'

कार्यवाहक नगरप्रमुख खातुनले भने जग्गा अभावले विद्यालय बनाउन नसकिएको जवाफ दिएकी छिन्। उनले भनिन्, 'विद्यालय बनाउने योजना थियो तर जग्गा नै छैन, त्यही भएर समस्या हुँदै आएको छ, तैपनि हामी पहल गर्दै छौं।'

# ताप्लेजुङमा लागूऔषधसहित तीन जना पक्राउ

झापा(प्रस) । लागूऔषधसहित जिल्ला प्रहरी कार्यालयले तीन जनालाई पक्राउ गरेको छ । प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक रोहितकुमार शर्माका अनुसार गोप्य सूचनाका आधारमा फुङलिङ नगरपालिका-४ गोसलाइन क्षेत्रबाट नियन्त्रणमा लिइएको हो । पक्राउ पर्नेमा फुङलिङ नगरपालिका-४ का २१ वर्षीय सोनुहाङ लिम्बू, ८ का २१ वर्षीय राम तामाङ तथा वडा न ७ का २० वर्षीय सुमन तामाङ रहेको प्रहरीले जनाएको छ । सोनुहाङको साथबाट १६ पिस ट्रामाडोल र १६ ट्याब्लेट स्पास्पेन फेला परेको छ । सुमनको साथबाट २ पिस ट्रामाडोल र २ ट्याब्लेट स्पास्पेन लुकाई छिपाइ राखेको अवस्थामा फेला पारेको समेत प्रहरीले जनाएको छ ।

तीनैजनालाई लागूऔषध नियन्त्रण ऐन-२०३३ अनुसार जिल्ला अदालत ताप्लेजुङबाट ५ दिनको म्याद थपी अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ ।

# दक्षिण कोरिया विमान दुर्घटनाः १७९ जनाको मृत्यु

एजेन्सी । दक्षिण कोरियाको मुआन अन्तर र्राष्ट्रिय विमानस्थलमा आइतबार भएको विमान दुर्घटनामा १ सय ७९ जनाको मृत्यु भएको छ ।



१८१ जना बोकेर थाइल्याण्डको बैंककबाट फर्किएको जेजु एयरको विमान दक्षिण-पश्चिममा पर्ने मुआन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरणका क्रममा आइतबार बिहान स्थानीय समयअनुसार ९ बजेर ७ मिनेटमा दुर्घटना भएको हो । दुर्घटनाग्रस्त विमानबाट चालक दलका दुई सदस्यको भने जीवितै उद्धार गरिएको छ । उनीहरुको स्थानीय अस्पतालमा उपचार भइरहेको कोरियाली समाचार संस्था योनहापले जनाएको छ ।

विमानमा १७३ दक्षिण कोरियाली र २ थाइल्याण्डका नागरिकसहित १७५ यात्रु र चालक दलका ६ सदस्य थिए । स्थानीय टेलिभिजनले प्रशारण गरेको एउटा फुटेजमा बोइङ ७३७-८०० विमानबाट कालो धुवाँको मुस्लो निस्केको देखिन्छ । अर्को फुटेजमा विमानको दायाँ पखेटामा रहेको इन्जिनमा अवतरण गर्नुअघि आगोको ज्वालासहितको धुवाँ निस्किरहेको देखिएको छ ।

अग्नि नियन्त्रक अधिकारीहरूले चरा ठोक्किएर विमान दुर्घटना भएको हुनसक्ने अनुमान गरेका छन् । पहिलो अवतरण प्रयासपछि, विमान अवतरण गियरको अनुमानित खराबीको कारण विमानले पुनः आकाशमा फर्किएको र दोस्रो अवतरण प्रयास 'बेली-ल्यान्डिंग'को साथ गरिएको थियो । यातायात मन्त्रालयले दुर्घटनाको वास्तविक कारण पत्ता लगाउन समय लाग्न सक्ने बताएको छ ।

# क्रसरले तीन वटा औंला छिन्यो

झापा(प्रस) । पाँचथरको फालेलुङमा क्रसरले हातको तीन वटा औंला छिनेर एक कामदार घाइते भएका छन् । आइतवार दिउँसो १ बजे फालेलुङ -३ हेवा खोला हाइड्रोपावरस्थित आँशु कन्स्ट्रक्सनको क्रसरमा काम गर्ने क्रममा कामदार बर्दिया गुलरिया -११ बस्ने ४१ वर्षीय तिलक थापा मगरको दाहिने हातको बिचको तीन वटा औंला छिनेको हो । घाइतेलाई उपचारको लागि जिल्ला अस्पताल पाँचथरमा ल्याई सामान्य उपचारपश्चात् थप उपचारको लागि धरान लगिएको प्रहरीले जनाएको छ ।

यता झापाको कमल गाउँपालिका वडा न.४ स्थित रिजाल पेट्रोल पम्पमा दुईवटा मोटरसाइकल एकापसमा जुध्दा दुईजना घाइते भएका छन् । आइतवार दिउँसो २.१० बजे रिजाल पेट्रोल पम्पस्थित पूर्वपश्चिम राजमार्गमा दमकबाट केर्खातर्फ आउँदै गरेको को.३०प. ९०४५ नम्बरको मोटरसाइकल दक्षिणतर्फ मोड्ने क्रममा सोही दिशाबाट आउँदै गरेको मे.४प. ६४५ नम्बरको अर्को मोटरसाइकलले ठक्कर दिएको थियो । दुर्घटनामा ९०४५ नम्बरको मोटरसाइकल चालक मोरङ उर्लाबारी नगरपालिका वडा न.७ बस्ने ३८ वर्षीय संदिप पौडेलको दाहिने खुट्टामा चोट लागेको छ भने मे.४प. ६४५ नम्बरको मोटरसाइकल चालक कचनकवल गाउँपालिका वडा न.७ बस्ने २० वर्षीय सुन्दरराम चौधरीको मुखमा चोट लागेर दुईवटा दाँत झरेको छ । दुबै घाइतेको स्थानीय मेडिकल केर्खामा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# हत्या आरोपमा राष्ट्रिय अनुसन्धान अधिकृतसहित ३ पक्राउ

झापा(प्रस) । सिमरा विमानस्थलका प्रहरी कार्यालय सहयोगी राजकुमार रुम्बाको हत्या आरोपमा प्रहरीले गुप्तचर निकाय राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान अधिकृत श्रीकान्त तिवारीसहित तीन जनालाई पक्राउ गरी आइतवार सार्वजनिक गरेको छ ।

जिल्ला प्रहरी कार्यालयमा पत्रकार सम्मेलनमार्फत पक्राउ परेका तिवारीसहित जीतपुरसिमरा उपमहानगरपालिका-१९ का २७ वर्षीय पुरुषोत्तम दास र २० वर्षीय इन्द्रजित चौहानलाई सार्वजनिक गरिएको हो । दास सिमरामा सञ्चालित जयमाँ वर्कसपका सञ्चालक हुन् ।

'पहिलाको रिसिइबीसँगै रुम्बालाई लुटपाट गर्ने उद्देश्यले हत्या गरिएको अनुसन्धानबाट खुलेको छ,' जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले भने, 'पक्राउ परेका दासको वर्कसपबाट दासले प्रयोग गर्ने मोटरसाइकल, उनको पाइन्टको खल्तीबाट रुम्बाले गलामा लगाएको सुनको सिक्री र पर्स बरामद गरिएको छ ।'

घटनाबारे तीनैजनालाई अदालतबाट सात दिनको अनुमति लिएर कर्तव्य ज्यान कसुरअन्तर्गत थप अनुसन्धान भइरहेको उनले बताए ।

प्रहरीले अनुसन्धान प्रतिवेदन बुझाएपछि जिल्ला सरकारी वकिलको कार्यालयले अदालतमा महोत्तरी जलेश्वर-३ घर भई बारामा कार्यरत अनुसन्धान अधिकृत तिवारीमाथिसमेत मुद्दा दायर गरेको खण्डमा तिवारी कानुनअनुसार स्वतः निलम्बित हुनेछन् । सरकारी वकिल कार्यालयले तिवारीमाथि मुद्दा दायर नगरेको खण्डमा भने निलम्बित हुने छैनन् ।

८ दिनअघि ४० वर्षीय रुम्बाको टाउकोमा गोली हानी हत्या गरिएको थियो । हत्या गरिएका रुम्बा सिमरा विमानस्थलको सुरक्षार्थ यूनिटमा कार्यरत थिए । पक्राउ परेका अनुसन्धान अधिकृत (निरीक्षक) तिवारी पनि विमानस्थल र सिमरा क्षेत्रमा एक वर्षदेखि कार्यरत थिए । दुवै एकै ठाउँमा खाना खान्थे । गत शुक्रबार राति ९:३० मा उनी तिवारीको कार मागेर कलैया जान्छु भन्दै हिर्डेका थिए । तर शनिबार बिहानै उनी टाउकोमा गोली लागेर मृत अवस्थामा जीतपुरसिमरा उपमहानगर-११ आमाडार गाउँको सडक पेटीमा तिवारीकै प्रदेश ०१-०२८ च ७६१६ नम्बरको निजी कारमा एक्लै फेला परेका थिए । त्यहाँ तिवारी भने थिएनन् ।

जीतपुरसिमरा-१७ का रुम्बा वडा नं १ को सिमरा सुकुम्बासी बस्तीमा बस्दै आएका थिए । उनका दुई श्रीमती र ३ सन्तान छन् । उनी सुकुम्बासीका अगुवा पनि थिए ।

रुम्बा मृत अवस्थामा फेला परेपछि प्रहरीले तिवारीलाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको थियो । मृतक परिवारको तर्फबाट तिवारीमाथि किटानी जाहेरी परेको छ ।

पहिलो चरणको अनुसन्धानको क्रममा तिवारीको हत्यामा संलग्नता तत्काल नभेटिए पनि किटानी जाहेरीको आधारमा हिरासतमा राखी थप अनुसन्धान गरिने इलाका प्रहरी कार्यालयका एक प्रहरी अनुसन्धान अधिकृतले बताए ।

रुम्बाले प्रयोग गरेको कारको साँचो अफ गरिएको अवस्थामा फेला परेको थियो । रुम्बा मृत अवस्थामा फेला परेको चौथो दिन वीरगन्ज नारायणी अस्पतालमा पोस्टमार्टम भएपछि टाउकोमा नजिकैबाट एक गोली हानी हत्या गरिएको पुष्टि भएको थियो ।

## बालेनले..

क्रियाकलापमा मात्र संशोधनको प्रस्ताव पेश गरेको नगरसभामा उनले स्पष्ट पारिन्।

संशोधित प्रस्तावअनुसार आर्थिक विकासको क्षेत्रमा बजेट घटाएर ७२ करोड ४३ लाख ७१ हजार रुपैयाँ बजेट कायम गर्न लागिएको छ। सो क्षेत्रमा यसअघि ७२ करोड ९९ लाख ७१ हजार रुपैयाँ विनियोजन गरिएको थियो।

कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा ३ अर्ब ७० करोड ५३ लाख ८ हजार रुपैयाँ विनियोजन भएकोमा त्यसलाई बढाएर ३ अर्ब ७२ करोड ६८ लाख ४२ हजार रुपैयाँ कायम गर्ने प्रस्ताव गरिएको छ।

पूर्वाधार विकासको क्षेत्रमा १२ अर्ब १ करोड ९३ लाख ९१ हजार ५ सय रुपैयाँ बराबर वार्षिक विनियोजन रहेकोमा त्यसलाई घटाएर ११ अर्ब ८७ करोड ५१ लाख ३८ हजार ५ सय रुपैयाँ कायम गर्ने प्रस्ताव गरिएको छ।

सामाजिक विकासका क्षेत्रमा यसअघि ५ अर्ब ४८ करोड ८६ लाख ६९ हजार ५ सय रुपैयाँ विनियोजन भएकोमा त्यसलाई घटाएर ५ अर्ब ३५ करोड ३३ लाख ८८ हजार ५ सय रुपैयाँ कायम गर्ने प्रस्ताव गरिएको छ।

सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा चालू आवका लागि २ अर्ब २२ करोड ६५ लाख ८५ हजार रुपैयाँ बराबर बजेट कायम गर्ने प्रस्ताव महानगरले गरेको छ। उक्त क्षेत्रमा यसअघि २ अर्ब ९६ करोड २९ लाख ८५ हजार रुपैयाँ विनियोजन भएको थियो।

महानगरपालिकाले चालू आवका लागि विनियोजन गरेको बजेट खर्च कार्यान्वयनमा भने कमजोर देखिएको छ।

चालू आवका लागि महानगरपालिकाले २५ अर्ब ७० करोड ६३ लाख २५ हजार रुपैयाँ बराबरको बजेट ल्याएकोमा पुस ११ गतेसम्म ४ अर्ब १ करोड ४ लाख ५६ हजार रुपैयाँ बराबर खर्च भएको उपप्रमुख डङ्गोलले नगरसभालाई जानकारी गराइन्। हालसम्मको बजेट खर्च कुल विनियोजनको १६.१० प्रतिशत हो। महानगरले हालसम्म चालू शीर्षकमा २३.५८ प्रतिशत र पुँजीगत खर्च १०.९२ प्रतिशत खर्च गरेको छ।

"हालसम्म पूर्वाधार विकासमा १२.१३ प्रतिशत, आर्थिक विकासमा २४.१८ प्रतिशत, सामाजिक विकासमा १२.२३ प्रतिशत खर्च भएको छ", उपप्रमुख डङ्गोलले भनिन्, "त्यसैगरी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ ७.९२ प्रतिशत खर्च भएको देखिएको छ। कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा भने सबैभन्दा बढी ३६.५४ प्रतिशत खर्च भएको देखिन्छ।"

महानगरले चालू आवमा १२ अर्ब ९० करोड ६३ लाख २५ हजार रुपैयाँ बराबर राजस्व उठाउने लक्ष्य राखेको थियो।

यही पुष ११ गतेसम्म कुल ४ अर्ब ९ करोड ८९ लाख ३६ हजार रुपैयाँ बराबर राजस्व प्राप्त भएको महानगरले जनाएको छ।

जसमा आन्तरिक राजस्वतर्फ कुल २ अर्ब ६१ करोड ५५ लाख ४३ हजार रुपैयाँ सङ्कलन भएको छ भने राजस्व बाँडफाँडबाट ५९ करोड ८९ लाख ४१ हजार रुपैयाँ र संघ तथा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान ८८ करोड ४४ लाख ५१ हजार रुपैयाँ रहेको छ।

हालसम्मको कुल राजस्व सङ्कलन वार्षिक लक्ष्यको ३१.०७ प्रतिशत हुन आउँछ भने आन्तरिकतर्फ कुल लक्ष्यको ३२.५५ प्रतिशत प्रगति भएको देखिन्छ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको प्रारम्भिक नतिजामा काठमाडौँ महानगरले ८२.७५ अङ्क प्राप्त गरेको पनि उपप्रमुख डङ्गोलले बताइन्। यो अङ्क काठमाडौँ महानगरपालिकाले पाएको हालसम्मकै उच्च अङ्क हो।




सार्वजनिक सेवा लिदा ध्यान दिऔं ।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पुरा गरौं,
- नागरिक बडापत्रको प्रयोग गरौं,
- आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं,
- सेवा प्राप्त गर्दा आफैले लिऔं, विचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिहरूलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा गुनासो गरौं,
- अनियमितता र भ्रष्टाचार विरुद्ध उजुरी गरौं,
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# युवाहरुमा मानसिक समस्या

युवाहरुमा मानसिक समस्या बढ्दै गएको छ । रोजगारीका सीमित अवसरहरू र आर्थिक असुरक्षाका कारण युवाहरूमा निराशा र तनाव बढेको हो । वैदेशिक रोजगारीमा जान बाध्य हुँदा परिवारबाट टाढिएर एक्लोपन र मानसिक तनाव बढ्छ। उच्च प्रतिस्पर्धाको वातावरण र परिवार तथा समाजबाट आउने अत्यधिक अपेक्षाले युवाहरूमा मानसिक दबाब बढाएको छ।
विदेशमा अध्ययनको होडबाजीले आर्थिक र मानसिक तनाव थपेको छ। सामाजिक सञ्जालमा अरूसँगको तुलनाले युवाहरूमा आत्मसम्मानमा ह्रास आएको छ। परिवार र समाजको निरन्तर तुलना गर्ने बानीले मानसिक स्वास्थ्यलाई नकारात्मक असर पुऱ्याउँछ।
सामाजिक अलगाव र प्रविधिको प्रभाव,प्रविधिको अत्यधिक प्रयोगले वास्तविक सामाजिक सम्बन्धहरूमा कमजोरी ल्याएको छ। भर्चुअल संसारमा हराउँदा वास्तविक समस्या समाधानको प्रयास कम हुन्छ।
प्रेम सम्बन्ध, साथीहरू र परिवारसँगको असमझदारीले युवाहरूमा भावनात्मक तनाव बढाएको छ। भविष्यप्रतिको अनिश्चितता , देशको राजनीतिक अवस्था, भ्रष्टाचार र आर्थिक असमानताले युवाहरूमा भविष्यप्रतिको अनिश्चितता बढाएको छ।राजनीतिक अस्थिरता , बारम्बारको सरकार परिवर्तन र दीर्घकालीन नीतिको अभावले युवाहरूमा निराशा उत्पन्न गराएको छ। भ्रष्टाचार र अवसरको अभाव ,योग्यताअनुसार अवसर नपाउनु, चाकडी र पहुँचको राजनीतिले योग्य व्यक्तिहरूलाई पछि पारेको छ।
शैक्षिक प्रदर्शनमा ह्रास , डिप्रेसनले युवाहरूको ध्यान केन्द्रित गर्ने क्षमतालाई कमजोर बनाउँछ र उनीहरूको शैक्षिक प्रदर्शनमा ह्रास ल्याउँछ। सामाजिक सम्बन्धमा समस्या , डिप्रेसनले युवाहरूलाई एकान्तवासी बनाउँछ र उनीहरूको सामाजिक सम्बन्धमा समस्या निम्त्याउँछ।

स्वास्थ्य समस्या, डिप्रेसनले शारीरिक स्वास्थ्यमा पनि नकारात्मक असर पार्छ। यसले निन्द्राको समस्या, भोक नलाग्ने, थकान आदि जस्ता समस्या निम्त्याउँछ। आत्महत्याको जोखिम , गम्भीर डिप्रेसनले आत्महत्याको जोखिम बढाउँछ।
विद्यालय र कलेजहरूमा मानसिक स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। रोजगारी र उद्यमशीलता सरकारले रोजगारीका अवसरहरू सिर्जना गर्न र युवा उद्यमशीलतालाई प्रोत्साहन गर्नुपर्छ।
सामाजिक सञ्जालको सकारात्मक प्रयोगबारे सचेतना फैलाउनुपर्छ ।सामाजिक सञ्जालको अत्यधिक प्रयोगले निम्त्याउने समस्याहरूबारे युवाहरूलाई सचेत बनाउनु आवश्यक छ। पारिवारिक वातावरण सुधार गर्नुपर्छ । परिवारले युवाहरूलाई माया, प्रेम र समर्थन प्रदान गर्नुपर्छ।
युवाहरूको मानसिक स्वास्थ्य एक गम्भीर समस्या हो। यसलाई समाधान गर्नका लागि सरकार, परिवार, शिक्षक, स्वास्थ्यकर्मी र समाजका अन्य सदस्यहरूले मिलेर काम गर्नुपर्छ।




# कृषि, सहकारी र समाजवाद



• वामदेव क्षेत्री घिमिरे

सहकारी र कृषि एकअर्काका परिपूरक पनि हुन् र यिनी अन्तरसम्बन्धित पनि छन् । सहकारी संस्थानको स्वरूप किसानको बिचमा रहेको व्यावसायिक सङ्गठन हो । जसको स्वामित्व र नियन्त्रण किसानले (ग्राहक) स्वयम्ले गर्छन् । सङ्गठनको सञ्चालन सदस्यकै आवश्यकता र इच्छा प्रिपूर्तिका लागि गरिएको हुन्छ । सहकारी एउटा कानुनी संरचना पनि हो, जसको स्वामित्व तथा नियन्त्रण त्यसका सदस्यको समान अधिकार रहेको हुन्छ । सिद्धान्ततः यसले स्वेच्छिक तथा खुला सदस्यता, सदस्यको प्रजातान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वायत्त र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारीबिच सहकार्य हो भने यसले आफ्ना मूल्यमान्यता पनि कायम राखेको छ, जस्तैः स्वसहयोग, स्वउत्तरदायी, प्रजातन्त्र, समानता, समता, ऐक्यबद्धता, अरूको हेरविचार, सामाजिक उत्तरदायित्व, खुलापन, इमानदारी आदि हुन् । राष्ट्रसंघका पूर्वमहासचिव वान की मुनले सहकारीप्रति आफ्नो दृष्टिकोण यसरी अभिव्यक्त गर्नुभएको छ, "आर्थिक सम्भाव्यता र सामाजिक उत्तरदायित्व दुवै एकै पटक प्राप्त गर्न सकिन्छ भन्ने अन्तर्राष्ट्रिय समुदायलाई बुझाउने काम सहकारीले गरेको छ ।" उहाँको यो भनाइले पनि सहकारी आर्थिक, सामाजिक, सांस्कृतिक उत्थान र रूपान्तरणका लागि सहकार्य गर्दा आफ्नो समुदायको हित र उत्थान सहकारी संस्थाको माध्यमबाट हुन सक्छ भन्ने विषयमा ढुक्क रहन सकिन्छ । समान हैसियत भएका मानिस समान समस्या र चुनौतीको सामना गर्दै सहकारी आन्दोलनका मार्फत सफल भएको सहकारी आन्दोलन इतिहासले देखाएको छ ।

सहकारीको जन्म गाउँमा छरिएर रहेका किसानलाई माध्यम बनाएर २१ डिसेम्बर १८४४ मा बेलायतमा मेन्चेस्टर सहर र रोचडोल गाउँमा किसानको बिचमा स्थापित गर्ने र सहकारी नाम 'रोचडेल इक्विटेबल पाएनिचर' को नामबाट स्थापित भएको थियो । नेपालमा सहकारीको औपचारिक रूप राणाकालदेखि नै पाइन्छ । हाम्रो समाजका केही वर्ग र सम्प्रदाय विशेषले गुठी, धर्म भकारी, माङ्खाल, पर्म र ढुकुटी जस्ता संस्था एकअर्कालाई सहयोग गर्ने मुख्यतः किसान समुदायबिच सञ्चालित थिए । अहिले पनि नेपाली समाजमा कुनै न कुनै नामबाट यस्ता संस्था सक्रिय भएको पाइन्छ । २०१० सालमा योजना तथा विकास मन्त्रालय अन्तर्गत सहकारी विभागको स्थापना भएको थियो । सहकारीको उद्देश्य समाजमा छरिएर रहेको पुँजी, सिप, दक्षता, क्षमता, साहसलाई एकीकृत गरी किसानको हित र समाजको हितमा परिचालन गर्ने थियो । चीनको गणतन्त्रपछि त्यहाँको सहकारीको माध्यमबाट कृषिले फड्को मारेको उदाहरण छ । केही प्रतिनिधिमूलक उदाहरण हेरौँ- २००७ देखि विश्वले बेहोरिरहेको आर्थिक तथा वित्तीय सङ्कटले पनि सहकारी क्षेत्रलाई प्रतिकूल असर पार्नुको साटो सहकारी विधिबाट सञ्चालित उद्योग व्यवसायको सूचकाङ्क उत्साहप्रद रहनुले पनि यस क्षेत्रको महत्वको पुष्टि भएको छ ।

१९ औँ शताब्दीको औद्योगिक क्रान्तिले सिर्जना गरेको श्रम क्षेत्रका समस्या १९ औँ शताब्दीको मध्यतिर कृषिमा आएको मन्दी र युरोपका ग्रामीण तथा सहरका गरिबी जनताको पीडा, १९३० को महान आर्थिक मन्दी र हालैका वर्षमा विश्वले सामना गरिरहेको वित्तीय तथा आर्थिक सङ्कटमा सहकारी विधिबाट व्यवसाय बढी प्रभावकारी दिगो र जनमैत्री भएको छ । सहकारीको अर्थ सह र कार्य मिलेर बनाइएको हो, यसमा सह शब्दको अर्थसँगै र कार्य शब्द काम हुन्छ । अंग्रेजीमा 'कोअपरेटिभ' भनिन्छ । यसले के देखाउँछ भने एकआपसमा मिलेर काम गर्नु हो । आर्थिक एवं सामाजिक रूपमा समान आवश्यकता भएका व्यक्ति एकआपसमा सङ्गठित भएर सामूहिक रूपमा वस्तु तथा सेवाको व्यवसाय गर्न सहकारिताको माध्यम अवलम्बन गरेको पाइन्छ । नेपालमा २० हजारभन्दा बढी सहकारी छन् तर केही मात्रामा उत्पादनसित जोडिएका छन् । बाँकी रकम सङ्कलन गर्ने र ब्याजमा वितरण गर्ने विकृतिको रूपमा पनि देखा परेका छन् । यिनको नियन्त्रण आवश्यक छ ।

### सहकारी र उत्पादन

सहकारी नेपाली भूमिमा अभ्यास सामाजिक परम्परामा सीमित रहन गई लामो समयसम्म व्यावसायिक विधिको रूपमा प्रयोग हुन सकेन । हाम्रो जस्तो कृषि प्रधान देश भए पनि (घरेलु उद्योग समेत) उत्पादनका साधन असाध्यै सानो टुक्रामा बाँडिएको र प्रत्येक किसान र श्रमिकले उही काम दोहोऱ्याएर गर्नुपर्ने भएकाले हाम्रो श्रम र साधनको उचित उपयोग हुन सकिरहेको छैन । हामी आर्थिक हिसाबले असाध्यै गरिब र पिछडिएका छौँ । त्यसैले उत्पादनशक्तिको विकासका निम्ति सबैले एक्लाएक्लै उत्पादन गर्नुभन्दा आपसमा मिलेर उत्पादन गर्नु बढी फाइदाजनक र उपयोगी हुने हुँदा सहकारीको थालनी गरिएको हो । मानिसहरू बिचमा छरिएर रहेको पुँजी, श्रम, सिप, क्षमता र बुद्धिलाई आपसी सहयोगबाट सम्बन्ध बनाएर प्राकृतिक उत्पादन प्रणालीलाई व्यवस्थापन गर्ने उद्देश्य हो । तैपनि सामान्य अर्थमा बुझ्ने सहकारी भनेको पुँजीवाद र समाजवादबिचको सङ्क्रमणकालीन श्रम, श्रम सम्बन्ध वा उत्पादन सम्बन्ध हो । त्यसैले सहकारी भन्ने बित्तिकै समाजवादी प्रणाली ठान्नु गलत हुन्छ ।

अहिलेको समाजमा आआफ्ना अलग अलग स्वामित्व कायम राखेर श्रमको आदानप्रदान गरी सामूहिक श्रम गरिन्छ । बढी भएको श्रमको ज्याला तिरिन्छ, तर उत्पादनको प्रतिफल भने जसको साधन वा पुँजी जति लगानी छ, त्यहीँ अनुसार हस्तान्तरण गरिन्छ । त्यसैले यो सारतः समाजवाद उन्मुख पुँजीवाद नै हो र उत्पादकत्व शक्तिको यथेष्ठ मात्रामा विकास नभएसम्म सहकारिताको यो रूप नै अपनाउनु पर्ने छ । भोलि विकासको क्रममा व्यक्तिगत स्वामित्वलाई पनि सामूहिकीकरण गर्नुपर्ने हुन्छ र त्यो समाजवादतिर सङ्क्रमणको अभै उच्चारण हुने छ ।

### सहकारीका प्रकार

सहकारीका विविध प्रकारका हुन सक्छन् तर मुख्यतः तीन प्रकारका सहकारी हाम्रो सन्दर्भमा आवश्यक देखिन्छ । तिनीहरू हुन् उत्पादन, सहकारी, उपभोक्ता, वित्तीय सहकारी (बचत तथा ऋण परिचालन) अन्य सहकारी पेसाका रूपमा जातिको रूपमा भए पनि यसैका हाँगाबिँगा हुन् । प्रथमतः उत्पादन सहकारी भनेको कृषि र गैरकृषि (अथवा उद्योगबाट उत्पादन) हुन सक्छ । प्रारम्भिक रूपमा उत्पादन सहकारीका रूपहरू 'आपसी सहयोग समूह' का 'श्रम विनिमय टोली' (अथवा पर्दादल) आदि हुन् सक्छन् । किनभने वास्तविक अर्थको सहकारी प्रणालीको स्वामित्व आआफ्नै कायम भए पनि उत्पादनका साधन जमिन, पुँजी, श्रम, औजार आदि एकै ठाउँ जोडेर सामूहिक काम प्रयोग गरिन्छ । यसले अलि उच्च स्तरको व्यवस्थापन र चेतनाको माग हुँदा सुरुको चरणमा खेतीपाती, पशुपालन, साना उद्योग आदि सञ्चालन गर्ने एकअर्कालाई सहयोग गर्ने 'सहयोग समूह' नै हो । यसरी श्रम साधन र पुँजीलाई आदानप्रदान गरेर उत्पादन गर्न सकिन्छ । जस्तै सिकर्मी, डकर्मी, फलफूल, तरकारी खेती गर्ने समूह, सिलाइ, कटाइ गर्ने महिला समूह आदि पर्छन् । पहिलो, एक्लाएक्लै श्रम गर्नुभन्दा मिलेर श्रम गर्दा क्षमता बढ्ने, श्रमको बचत हुने, कुनै विपत्ति पर्दा काम नरोकिने आदिलाई सहकारीमा बुझ्न र रूपान्तरण गर्न सकिन्छ ।

दोस्रो, टोल बस्तीमा आवश्यकपर्ने वस्तु (नुन, तेल, चिनी, दाल, मसाला) सुलभ आपूर्ति गर्ने स्थानीय रूपमा उत्पादित वस्तु खाद्यान्न फलफूल तरकारी उचित मूल्यमा विक्री गर्ने बिचौलियाको अन्त्य गर्ने पद्धतिलाई उपभोक्ता सहकारी भन्न सकिन्छ। तेस्रो सहकारीका सदस्यबाट बचत रूपमा सङ्कलन भएको रकम किसानलाई आवश्यक कर्जाको व्यवस्थापन गर्ने, स्थानीय पुँजीलाई बचत तथा ऋणबाट परिचालन गर्ने र साना घरेलु तथा मझौला उद्योगमा लगानी गर्ने, आफ्नो इलाकालाई आत्मनिर्भर बनाउने नै (ऋण तथा बचत) वित्तीय सहकारी भन्न सकिन्छ । यिनी तीन वटै सहकारी उत्पादन गर्ने, उपभोक्तामा वितरण गर्ने, उत्पादन गर्नका लागि ऋण उपलब्ध गराउने हुँदा एकअर्कासित उत्पादन प्रणालीसित सम्बन्धित छ ।

सहकारी न्यून आय हुने गरिब जनताको बिचमा आपसी मित्रता घनिष्टता र सौहाद्रता कायम गर्दै सामाजिक आर्थिक सुरक्षाको प्रत्याभूति गर्छ । आफ्ना सदस्यलाई सुलभ मूल्यमा गुणस्तरीय वस्तुहरूको उपलब्धि गराउन मद्दत गर्नु, आफ्नो वस्तुको बजार स्थापना गर्नु, बिचौलियाबाट हुने शोषणको अन्त्य गरी न्यायपूर्ण र समतामूलक तथा स्वावलम्बी समाजको निर्माण गर्न यसले सहयोग गर्छ ।

नेपालमा सहकारीको सिद्धान्त र व्यवहारबिचको दुरीले सहकारीको भूमिका पर्याप्त मिलेको छैन । स्थानीय र राष्ट्रिय अर्थतन्त्रमा टेवा पुग्ने उत्पादन र उत्पादकत्वको वृद्धि, रोजगारी सिर्जना, उत्पादन वस्तुको बजार व्यवस्थापन अनौपचारिक अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमार्फत रूपान्तरण, उत्पादनमा लगानी र प्रविधिको पहुँच वृद्धि गर्न सहकारीको संस्थागत विकास, उत्पादनमुखी र प्रतिस्पर्धी बनाउन पनि शुद्धीकरणको नीति अवलम्बन गर्न जरुरी छ । हामीले क्षेत्रगत रूपमा उत्पादनमुखी सहकारीको वर्गीकरण गरी व्यापक व्यवसायी बनाएर सहकारीको पुँजीको आधारमा संस्थागत गर्नु पर्छ । सहकारीको डिजिटल रिकर्ड राख्ने र कारोबार व्याख्या गरी यसलाई नेपाल राष्ट्र बैङ्क मौद्रिक नीति अन्तर्गत सामूहिक रूपमा साना साना रकमको परिचालनबाट उत्पादनमा जोड्ने नीति निर्माण गर्ने सहकारी अनुगमन, व्यवस्थापन सञ्चालन र सहयोग गर्न आवश्यक छ ।
सहकारीलाई प्रभावकारी संस्थाको रूपमा विकास गर्नको स्थानीय, प्रदेश र संघीय सरकारले कृषि र सहकारी नीतिमा पुनरावलोकन गर्न आवश्यक देखिन्छ । सहकारी सामाजिक एकीकरण गर्ने व्यवसायसित जोड्ने माध्यम हो । आर्थिक क्रियाकलापमा गरिने यस्तो सहकार्यको संस्कृतिले समाजमा रहेको सामाजिक, आर्थिक र सांस्कृतिक विभेदको अन्त्य गर्दै लैजाने सामर्थ्य राख्छ । दोस्रो विश्वयुद्ध पछि युरोपको समाजमा रहेको द्वन्द्व न्यूनीकरण गर्दै समाजलाई जोड्ने काम सहकारीले पुऱ्याएको योगदान सबैले अनुभूति र अध्ययनबाट सामाजिक एकीकरणमा योगदान पुगेको प्रशस्त उदाहरण भेटिन्छन् । लैङ्गिक, जातीय, वर्गीय, धार्मिक तथा अन्य कुनै पनि आधारमा हुने विभेदलाई सामाजिक सद्भावसहित अन्त्य गर्ने क्षमता सहकारीको विकास र विस्तारले सम्भव छ ।

# अर्थतन्त्र सुधार्न पहल



• डिल्लीराम मिश्र

मुलुकको अर्थतन्त्रमा सुधारका एजेन्डासहित असारमा गठन भएको गठबन्धन सरकार आफ्नो कार्ययोजनामा उत्साहप्रद देखिन्छ । नयाँ सरकार गठनसँगै देशमा राजनीतिक स्थिरता कायम भई आर्थिक अवस्थामा सुधार आउने अपेक्षा सर्वत्र गरिएको छ । आर्थिक अवस्था सुधारमा सरकार केन्द्रित पनि छ ।

मुलुक सञ्चालनको प्रमुख आधार दरिलो अर्थतन्त्र हो । त्यसमध्येको प्रमुख आधार राजस्व हो । लक्ष्य अनुसारको राजस्व उठ्नुपर्ने हुन्छ । चालु आर्थिक वर्षको पहिलो महिनामा सरकारले एक खर्ब २० अर्ब ५१ करोड रुपियाँ राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको भए पनि लक्ष्य अनुसार उठ्न सकेन । पछिल्लो चार पाँच वर्षदेखिको अवस्था यस्तै छ । आव २०८०/८१ मा पनि लक्ष्यभन्दा झन्डै पाँच खर्ब रुपियाँ राजस्व कम उठेको छ । गत आवमा राजस्व सङ्कलन ७४.५४ प्रतिशत मात्र भयो भने खर्चको सीमा ८०.७५ प्रतिशतले ऋणात्मक हुन पुग्यो ।

सरकारले चालु आवका लागि १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख रुपियाँ राजस्व उठाउने लक्ष्य लिएको छ । चालु आवका लागि १८ खर्ब ६० अर्ब ३० करोड रुपियाँको बजेट विनियोजन गरिएको छ, जसमध्ये स्रोत नपुग हुने पाँच खर्ब ४७ अर्ब ६७ करोड रुपियाँ वैदेशिक र आन्तरिक ऋणमार्फत जुटाउने सरकारको योजना छ । देशमा राजस्व सङ्कलनका लागि भन्सारको योगदान सबैभन्दा बढी छ । भन्सारबाट मात्र झन्डै ५० प्रतिशत राजस्व सङ्कलन हुने गर्छ । भन्सारमा हुने चुहावट रोकिएन भने त्यो सबैभन्दा भयावह हुने छ । भन्सारको चुहावट रोकिएन भने राजस्व सङ्कलनको लक्ष्य पूरा गर्न असम्भव जस्तै हुन्छ । देशको राजस्व सङ्कलनमा अपेक्षित सुधार आउन देशमा योजनाबद्ध आर्थिक गतिविधि चलायमान रहनु अपरिहार्य छ ।

मुलुकको राजस्व कम उठ्नुको कारण सरकारले स्वदेशी तथा विदेशी वित्तीय संस्थामार्फत ऋण लिएर चालु खर्च आपूर्ति गर्नु परेको अवस्था विद्यमान छ । एकातिर देशको आर्थिक अवस्था यस्तो छ भने अपेक्षा अनुसार राजस्व सङ्कलन गर्न नसक्दा सरकारलाई स्रोत व्यवस्थापनमा सङ्कट परेको छ ।

सङ्कलित राजस्वले साधारण र वित्तीय व्यवस्थाको खर्चसमेत धान्नै मुस्किल छ । यस्तै पुँजीगत खर्चमा पनि स्रोतको अभाव देखिएको छ । महालेखा नियन्त्रकको कार्यालयका अनुसार चालु आवको चार महिना साउनदेखि कात्तिकसम्म सरकारले तीन खर्ब २३ अर्ब २४ करोड रुपियाँ राजस्व सङ्कलन गरेको छ तर यस अवधिमा कुल खर्च भने चार खर्ब १५ अर्ब दुई करोड भएको छ । यस्तो अवस्थामा कुल खर्चको करिब ७८ प्रतिशत मात्रै राजस्वले धानेको छ, नपुग खर्चका लागि ऋण र अन्य स्रोतमा भर पर्नु परेको छ । यस अवधिमा देशको आम्दानीभन्दा खर्च बढी छ, जसको प्रभाव मासिक खर्चमा परेको छ ।

बेरुजु बढ्नु भनेको राजस्व सङ्कलन घट्नु हो । विगत वर्षदेखि नै आर्थिक नियम, कानुन र मर्यादामा शासन प्रणाली चल्न नसक्दा बेरुजुले देशलाई आक्रान्त बनाएको छ । बेरुजु देशको कलङ्क पनि हो । अहिले देशमा पुगनपुग १४ खर्ब रुपियाँ बेरुजु कायम छ । यसलाई असुल गर्नेतर्फ सरकारले दरो नीति र कार्ययोजना नै बनाउनु पर्छ । बेरुजु मात्र असुल गर्ने हो भने झन्डै एक आवको बजेटको माग पूरा गर्न सकिन्छ । देशको अर्थतन्त्र शिथिलतातिर जाँदा वैदेशिक व्यापार खुम्चिएको छ भने व्यापारघाटा १४ खर्ब रुपियाँभन्दा बढी छ, जसबाट राजस्व उठ्तीमा समेत ह्रास आएको छ ।

विदेशी मुद्रा सञ्चिति वढेको छ । यसको कारण रेमिट्यान्समा निरन्तर वृद्धि, पर्यटन क्षेत्रमा सुधार एवं आयातमा गिरावटले मुद्रा सञ्चितिमा प्रगति देखिएको छ तर यो स्थायी स्वरूपको मापन होइन । विदेशी मुद्रा सञ्चिति हुन देशमा उत्पादन वृद्धि अपरिहार्य छ । सरकार मुद्रा सञ्चितिमा केही हदसम्म उत्साहित त भएको छ तर उपयोगमा कमजोर छ । मुलुकको विदेशी मुद्रा सञ्चितिमा नयाँ अभिलेख बन्ने क्रम जारी रहँदा अहिले यसको आयतन २० खर्बभन्दा बढी रुपियाँ पुगेको छ । देशका विद्यमान आर्थिक सूचाकाङ्क सकारात्मक बन्न सक्नु अर्थतन्त्रमा सुधारको सङ्केत हो । विकास बजेट तीन खर्ब दुई अर्ब सात करोड हुँदा सार्वजनिक ऋणको साँवा र ब्याजको किस्ता तिर्न मात्रै तीन खर्च सात अर्ब ४५ करोड बजेट विनियोजन गरिएको छ । यस्तै चालु खर्चका लागि ११ खर्ब ४१ अर्ब ७९ करोड रुपियाँ विनियोजित छ । यस बजेटमा चालु खर्च ६५.२ प्रतिशत छ । आव २०४६/४७ मा देशको पुँजीगत खर्च ६७.१४ प्रतिशत रहेको अवस्थामा आव २०८१/०८२ सम्म आइपुग्दा यो तस्बिर १७.२५ प्रतिशतमा झरेको छ । देशमा पुँजीको निर्माण गर्ने रोजगारीको अवसर सिर्जना गर्ने एवं राजस्व सङ्कलनमा उच्चतम महत्व राख्ने पुँजीगत वा विकास बजेटको यो अवस्थाले देशको विकास अघि बढ्न कठिन हुन्छ ।

पछिल्लो पाँच आवदेखि देशको राजस्व सङ्कलन ऋणात्मक रहँदै आएको छ । आव २०७६/७७ देखि आव २०८०/८१ सम्मको स्थितिलाई हेर्ने हो भने यो तस्बिर देखिन्छ । विगत पाँच वर्षदेखि राजस्व सङ्कलनले आफ्नो लक्ष्य भेटाउन मुश्किल परेको छ । यसको अर्थ हुन्छ देशको आम्दानी कम र खर्च बढी भएको आधार हो । पाँच वर्षयता लक्ष्य अनुसार राजस्व सङ्कलन नभएको तथ्य अर्थ मन्त्रालयले समेत स्वीकार गरेको छ । यी पाँच वर्षमा सबैभन्दा कम आव २०७९/८० मा ६८.२३ र सबैभन्दा बढी आव २०७७/०७८ मा ९२.५ प्रतिशत राजस्व सङ्कलन भएको छ । यस्तै अरू तीन वर्ष आव २०७६/०७७ मा ७१, ३८, आव २०७८/७९ मा ९०.२४ र आव २०८०/८१ मा ७४.५४ प्रतिशत राजस्व सङ्कलन भएको छ । यी पाँच वर्षको औसत राजस्व सङ्कलन ७९.३४ प्रतिशत रहेको छ, जुन लक्ष्यभन्दा २०.६६ प्रतिशतले कमी हो ।

यस्तै चालु आवको चार महिनाको अवस्थालाई हेर्दा यस आवमा पनि राजस्व सङ्कलन ऋणात्मक नै हुने देखिन्छ । देशको वस्तु आयात निर्यात बिचको सन्तुलन कायम हुन नसक्दा र आयात सङ्कुचित हुँदा यसमा आधारित राजस्व प्रणालीमा समेत नकारात्मक चाप परेको छ । सरकार ऋण तिर्नकै लागि ऋण लिनसमेत विवश छ । पछिल्लो १० वर्षमा मात्र नेपालको सार्वजनिक ऋण झन्डै चार गुणाले बढेको छ । आव २०७१/७२ मा पाँच खर्ब ४० अर्ब रहेको सार्वजनिक ऋण आव २०८१/८२ को मङ्सिरसम्म २४ खर्ब ९२ अर्ब ४१ करोड रुपियाँ पुगेको छ । यस अन्तर्गत आन्तरिक ऋण १२ खर्ब १७ अर्ब ६६ करोड एवं वैदेशिक ऋण १२ खर्ब ७४ अर्ब ७४ करोड छ । दुवै ऋण हाराहारीको अवस्थामा छ । यस अवधिमा सरकारी वित्त एक खर्ब ५६ अर्बले घाटामा छ भने पुँजीगत खर्च एवं राजस्व सङ्कलन लक्ष्यभन्दा कम रहेको अवस्था हो तर पनि पुँजीगत खर्चमा केही सुधार आएको छ । अहिले एक रुपियाँ राजस्व उठाउँदा सरकारी खर्च एक रुपियाँ ३९ पैसा रहेको छ । अर्थतन्त्रका सूचक ओरालो लाग्ने क्रम केही मात्रामा रोकिएको छ । अहिले अर्थतन्त्रका सूचक चलायमान बन्ने क्रम बढेको सङ्केत छ । यही गतिमा देशको आन्तरिक र वैदेशिक ऋण बढ्दै जाने हो भने यसलाई कम गर्न देशमा उत्पादन बढाउनुबाहेक अर्को विकल्प रहँदैन ।

मुलुकमा सुशासन कायम गराउन सके अर्थतन्त्रका सूचक उकालो लाग्ने छन् । सरकार सुशासन कायम गराउने दृढ प्रतिज्ञासहित अघि बढेको छ । सरकारको एक्लो प्रयासले मात्रै पर्याप्त हुँदैन, त्यसमा सबैको साथ र सहयोग अपेक्षित छ । मुलुक निर्माणको अभियान पूरा गराउन अर्थतन्त्र बलियो बनाउनु पर्छ । यो अभियानमा सरकारलाई सघाउन सबैले आआफ्नो ठाउँबाट सक्दो सहयोग गर्नु पर्छ । सरकारलाई मात्र दोष थोपरेर उम्कने प्रयास कोही कसैले पनि गर्नुहुन्न ।

# सगरमाथा प्रवेशद्वारसम्म सडक सुविधा

झापा(प्रस)।सर्वोच्च शिखर सगरमाथाको प्रवेशद्वारसम्म सडक मार्गले छोएको छ । खुम्बु पासाङल्हामु गाउँपालिका-२ लुक्लामुनिको सुर्के गाउँसम्म सडकको सिधा पहुँच पुगेको हो । दुई वर्षअघि थालिएको सडकको ट्र्याक खन्ने काम सकिएसँगै सुर्केमा यात्रुवाहक बस पुग्न थालेका छन् ।

खोलेकामा खरिखोलादेखि सुर्केसम्म भने खुम्बु पासाङल्हामु गाउँपालिकाले बाटो बनाएको खुम्बु पासाङल्हामुका प्रवक्ता लाक्पाछिरी शेर्पाले बताए । खरिखोलादेखि थामडाँडासम्म १२ दशमलव ३ किलोमिटर सडक पालिकाको ६ करोड १४ लाखमा खनिएको छ भने थामडाँडादेखि सुर्केसम्म १२



खुम्बु पासाङल्हामु-१ खरिखोलादेखि वडा-२ सुर्केसम्म १६ करोड लागतमा करिब २५ किलोमिटर सडकको ट्र्याक खोलिएको हो । गाउँपालिकाको मुख्य लगानीमा सडक खनिएसँगै लुक्ला विमानस्थलको भर पर्नु परेका सगरमाथा जाने पर्यटकका लागि वैकल्पिक मार्ग खुलेको छ ।

यसअघि माप्यदुधकोशी गाउँपालिकाले खरिखोलासम्म सडकको ट्र्याक दशमलव ५ किलोमिटर सडक ठेक्कामार्फत १० करोड ५२ लाख लागतमा निर्माण सम्पन्न भएको हो ।

साढे १२ किलोमिटर सडकमा गाउँपालिकाको ५० प्रतिशत र ५० प्रतिशत दुई वटा जलविद्युत् आयोजनाहरू (सिल्क पावर र दुधकोशी छैटौं) ले लगानी गरेको गाउँपालिकाका लेखा शाखा प्रमुख चेतनाथ कट्टेलले बताए ।

# जीवनबिमा कम्पनीको व्यापार बढ्यो

झापा(प्रस) ।अर्थतन्त्रका बाह्य सूचकहरूमा सुधार आउँदै गर्दा मुलुकमा सञ्चालनमा रहेका जीवनबिमा कम्पनीहरूको व्यापारले पनि लय समाउन थालेको छ । अर्थतन्त्रका बाह्य सूचकमा सुधार देखिँदै आएको छ । नेपाल राष्ट्र बैङ्कले सार्वजनिक गर्ने पछिल्लो वित्तीय स्थिति प्रतिवेदन अनुसार मुलुकको शोधनान्तर (भुक्तानी) स्थिति, विदेशी मुद्रा सञ्चिति, रेमिट्यान्सलगायतका सूचकमा सुधार देखिँदै आएको छ ।

अर्थतन्त्रले सकारात्मक बाटो समाउँदा चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो पाँच महिनामा जीवनबिमा कम्पनीले ६६ अर्बभन्दा बढी बिमा शुल्क आर्जन गरेका छन् । अहिले नेपालमा सञ्चालित १४ वटा जीवनबिमा कम्पनी र तीन लघु जीवनबिमा कम्पनीहरूले मंसिर मसान्तसम्ममा कुल ६६ अर्ब १४ करोड ५३ लाख ३२ हजार रुपियाँ बराबर बिमा शुल्क सङ्कलन गरेका हुन् । समीक्षा अवधिमा १४ वटा जीवनबिमा कम्पनीहरूले मात्रै ६५ अर्ब बढी बिमा शुल्क आर्जन गरेका छन् ।

अघिल्लो वर्षको सोही अवधिको तुलनामा कम्पनीले बिमा शुल्कलाई चार अर्ब ३८ करोड ७२ लाख ९६ हजार रुपियाँले बढाएका हुन् । पछिल्लो एक महिनामा मात्रै जीवनबिमा कम्पनीहरूको व्यापार १२ अर्ब ४४ करोड ६२ लाख रुपियाँले बढेको हो । जीवनबिमा कम्पनीहरूले यो अवधिमा ५२ अर्ब आठ करोड १९ लाख रुपियाँ नवीकरण बिमा शुल्क र एक अर्ब १८ करोड ९७ लाख रुपियाँ वैदेशिक रोजगार बिमाशुल्क आर्जन गरेका छन् भने पहिलो बिमाशुल्क मात्रै १२ अर्ब ४७ करोड एक लाख रुपियाँ रहेको छ । अहिले कुल सक्रिय बिमालेख संख्या एक करोड ३३ लाख ४२ हजार २४६ वटा रहेको छ ।

मंसिर महिनामा मात्र जीवनबिमा कम्पनीले तीन लाख ७७ हजार ९२८ वटा बिमालेख जारी गरी १२ अर्ब ३४ करोड ८६ लाख रुपियाँ बराबरको बिमा शुल्क आर्जन गरेका छन् । यस्तै नवीकरण बिमाशुल्क नौ अर्ब ३९ करोड ४३ लाख रुपियाँ, वैदेशिक रोजगार बिमाशुल्क २७ करोड ८७ लाख र पहिलो बिमाशुल्क दुई अर्ब ६७ करोड ५४ लाख रुपियाँ रहेको छ । पहिलो बिमाशुल्क वैदेशिक रोजगारबाहेक हो ।

# श्रीलंकाको राजदूतमा नेपालीको नाम अनुमोदन



झापा(प्रस) । संसदीय सुनुवाइ समितिले श्रीलंकाको राजदूतमा पूर्णबहादुर नेपालीको नाम सर्वसम्मतले अनुमोदन गरेको छ ।
सिंहदरबारमा आइतबार बसेको समिति बैठकले प्रस्तावित राजदूत नेपालीको संसदीय सुनुवाइ गर्दै उनको नाम सर्वसम्मतले अनुमोदन गरेको हो ।
मन्त्रिपरिषद्को मंसिर ६ गतेको बैठकले श्रीलंकाको राजदूतमा नेपालीलाई सिफारिस गरेको थियो ।
समितिमा प्रस्तावित राजदूतको सुनुवाइपछि सर्वसम्मतले अनुमोदन गरिएको समिति सभापति ईश्वरीदेवी न्यौपानेले जानकारी दिइन् ।

सभापति न्यौपानेले समावेशीताका आधारमा राजदूत नियुक्त गर्न यसअघि ध्यानाकर्षण गराएपछि सरकारले त्यसलाई सकारात्मक रूपमा लिएर त्यही अनुसारको सिफारिस गरेको भन्दै धन्यवाद दिइन् । आगामी दिनमा पनि संविधानको भावना अनुसार समावेशीताका आधारमा सिफारिस हुने उनको विश्वास छ ।
त्यसअघि संसदीय सुनुवाइका क्रममा प्रस्तावित राजदूत नेपालीले श्रीलङ्कासँग आर्थिक कूटनीतिलाई अघि बढाउने र मुलुकको आर्थिक विकासका लागि भूमिका खेल्ने बताए । त्यस्तै उनले धार्मिक पर्यटन वृद्धि गर्न पनि श्रीलङ्कामा आवश्यक काम गर्ने जिकिर गरे ।
संसदीय समितिले प्रस्तावित राजदूतको नाम अनुमोदन गरेसँगै राष्ट्रपतिले नियुक्त गर्ने संवैधानिक व्यवस्था रहेको छ ।

# अन्तर्राष्ट्रिय खुला कराते च्याम्पियनसीपको उपाधि नेपाललाई

झापा । भारतको महाराष्ट्र राज्यको पुणे शहरमा आयोजित अन्तर्राष्ट्रिय खुला कराते च्याम्पियनसीपको उपाधि नेपालले जितेको छ।
पुणेस्थित खेलकुद विभाग केन्द्रमा सम्पन्न प्रतियोगितामा नेपालले विभिन्न उमेर र तौल समूहमा गरी १७ स्वर्ण पदक जितेर उपाधि हासिल गरेको हो। नेपालका तर्फबाट विभिन्न उमेर र तौल समूहमा प्रतिस्पर्धा गरेका निखिल कुमाल, दिवस आले, मोहित थापा, अमिशा पोखरेल, दिया छन्त्याल, समीक्षा दर्लामी, आदित्य गुरुङ, प्रविन भट्टराई र आकृति छन्त्यालले समेत स्वर्ण पदक जित्न सफल भए।
प्रतियोगितामा भारत १६ स्वर्ण, २९ रजत र ६१ कास्य पदक प्राप्त गरी द्वितीय तथा श्रीलङ्का ६ स्वर्ण, ५ रजत र १५ कास्य पदक प्राप्त गरी तृतीय भयो।




यसअघि नेपालको तर्फबाट उत्कृष्ट काता प्रदर्शन गरेका १० वर्षमुनि समूहका सिद्धार्थ रानाले स्वर्ण पदक प्राप्त गरेका थिए। समूहगत कातातर्फ पनि नेपालका ६ खेलाडीले स्वर्ण पदक जिते।
विजयी खेलाडीलाई भारतीय राष्ट्रिय कराते संघका महासचिव राजु थापाले शिल्ड तथा प्रमाणपत्र वितरण गरे।
भारतीय राष्ट्रिय कराते संघको आयोजनामा भएको उक्त प्रतियोगितामा नेपाल, भारत र श्रीलङ्काका विभिन्न उमेर समूहका एक सयभन्दा बढी खेलाडी सहभागी थिए।

खेलाडीले ५ रजत र २ कास्य पदकसमेत प्राप्त गरेका छन्।
प्रतियोगितामा नेपाली खेलाडी रिमा कुमालले ६८ किलो तौल समूहमा भारत र श्रीलङ्काका प्रतिस्पर्धीलाई हराउँदै स्वर्ण पदक हात पार्न सफल भएकी थिइन्। विपिन रानाले ५० किलो तौल समूहमा र शाहिल गुरुङले ५५ किलोमा स्वर्ण पदक प्राप्त गरे। नेपालका बुद्धि तामाङ, नेहा श्रीस, रजिना दर्लामी,

प्रतियोगितामा जापान गोजुरियो कराते डो मिसन सङ्घ, नेपालका तर्फबाट विभिन्न तौल र उमेर समूहका १८ महिला तथा पुरूष खेलाडी सहभागी रहेका संस्थाका अध्यक्ष केबी रानाले बताए।

# चिसोले सोलुखुम्बुको जनजीवन प्रभावित

झापा(प्रस) । अत्यधिक चिसो बढेसँगै हिमाली जिल्ला सोलुखुम्बुको जनजीवन कष्टकर बन्दै गएको छ । सदरमुकाम सल्लेरीमा तापक्रम माइनसमा झरेसँगै नागरिकहरुको दैनिकी प्रभावित बनेको हो । सल्लेरीमा शनिबार बिहानको तापक्रम माइनस एक डिग्रीसेल्सियस मापन गरिएको हावापानी मापन केन्द्रले जनाएको छ ।

मापन केन्द्रका कर्मचारी नवराज पराजुलीका अनुसार सल्लेरीको तापक्रम केही दिनयता माइनसमा गएको हो । चिसो बढेसँगै सल्लेरी क्षेत्रमा मानिस आगो तापेर बस्न थालेको स्थानीय निरकुमार नेपालीले बताए । उनले भने, “चिसोले घरभित्र बस्न सक्ने अवस्था छैन, उनले भने । चिसो बढेसँगै जिल्ला अस्पताल फाप्लुमा बिरामीको चाप उच्च भएको अस्पतालले जनाएको छ ।
पछिल्लो एक सातायता अस्पतालका सबै शय्या श्वासप्रश्वास र नसासम्बन्धी रोगका बिरामीले भरिभराउ बनेको अस्पताल प्रमुख डा प्रशान्त शाहले बताए । उनले भने, “चिसोका कारण बिरामी धेरै वृद्धि भएको छ, आकस्मिक कक्ष त्यत्तिकै भरिभराउ छ भने शय्यासमेत खाली छैन, केही दिनअघि पनि शय्या अभावमा भुइँमा राखेर पनि बिरामीको उपचार गरिरहेका छौं ।”
चिसोको असर हिमाली क्षेत्र खुम्बुमा झनै बढी देखिएको स्थानीयले बताएका छन् । खुम्बुमा पछिलो समय न्यूनतम तापक्रम माइनस १५



त्यही भएर बिहान बेलुका सबै एक ठाउँमा भेला भएर आगो ताप्छौं ।”
पछिल्लो तीन दिनयता यहाँ घाम लागेको छैन । चिसोले बालबालिका, वृद्धवृद्धा तथा अशक्तलाई बढी मार परेको छ ।
“बालबालिकाको पढनपाठन प्रभावित भएको छ भने वृद्धवृद्धालाई पनि समस्या बढेको छ”, डिग्री सेल्सियसभन्दा तल पुगेको छ । चिसोका कारण विद्यालय बन्द भएको लुक्लाका तोयाकुमार श्रेष्ठले बताए । अधिकांश विद्यालय बन्द भएपछि बालबालिका आगो तापेर समय कटाउनु यहाँका नागरिकको बाध्यता भएको पिके माध्यमिक विद्यालय लोदिङका शिक्षक ल्हाक्पा शेर्पाले जानकारी दिए ।

# स्टार्टअप कर्जाका लागि संख्या पाँच गुणा बढ्यो



झापा(प्रस) । दोस्रो चरणको स्टार्टअप कर्जा परियोजनाका लागि ५ हजारभन्दा बढी प्रस्ताव आएका छन् । चालु आर्थिक वर्ष (२०८१/०८२) मा स्टार्टअप कर्जाका लागि भौतिक र अनलाइनका माध्यमबाट ५ हजार १५८ वटा प्रस्ताव प्राप्त भएको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ ।
मन्त्रालयका अनुसार औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले २०८१ भदौ ११ गते स्टार्टअप उद्यमहरूलाई सहुलियतपूर्ण कर्जा प्रवाहका लागि प्रस्ताव पेस गर्न आह्वान गरिएको थियो । २१ दिनको अवधि राखेर गरिएको आह्वान अनुसार भदौ ३१ गतेसम्म ५ हजार १५८ प्रस्ताव प्राप्त भएको मन्त्रालयले जनाएको छ ।
पहिलो चरणको स्टार्टअप कर्जाका लागि प्रस्ताव पेस गर्नेको संख्याको तुलनामा दोस्रो चरणमा ५ गुणाले आवेदन बढेको पाइएको छ । पहिलो चरणको स्टार्टअप कर्जाका लागि १ हजार ६५८ प्रस्ताव पेस भएको थियो ।
सरकारले नवीनतम ज्ञान, सोच, सिप र क्षमता भएका व्यक्तिलाई स्टार्टअप उद्यममा संलग्न हुन उत्प्रेरित गर्न स्टार्टअप उद्यम कर्जा कार्यक्रम सञ्चालनमा ल्याएको हो । सो कार्यक्रमबाट ३ प्रतिशत ब्याजदरमा विनाधितो कर्जा प्रवाह गर्ने गरी स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि २०८१ स्वीकृत भएको छ । यो कार्यविधिले २०८० मा बनेको कार्यविधिलाई प्रतिस्थापन गरेको हो । अब उद्यमीले ५ लाखदेखि २० लाख रुपैयाँसम्मको कर्जा परियोजना धितो राखेर ३ प्रतिशत ब्याजदरमा कर्जा पाउने छन् । यसका लागि सरकाले चालु वर्षमा १ अर्ब रुपैयाँ बजेट विनियोजन गरेको छ । सो रकम परिचालन गर्न राष्ट्रिय वाणिज्य बैंकसँग र कर्जा सुरक्षणका लागि निक्षेप तथा कर्जा सुरक्षण कोषसँग सम्झौता भएको छ ।
कार्यविधिले स्टार्टअप उद्यम कर्जा प्राप्त गर्न उद्यमहरूको निश्चित योग्यता तोकेको छ । सोही योग्यता र कार्यविधिलाई आधार मानी प्राप्त परियोजनाहरूको प्रारम्भिक सूची तयार गर्न प्रतिष्ठानले गठन गरेको मूल्याङ्कन समितिले छनोट गरिरहेको मन्त्रालयले जनाएको छ ।

## धान–चामलको ...

रुपियाँले वृद्धि भएको थियो । त्यसबेला भारतले धान निर्यातमा २० प्रतिशत शुल्क लगाएको थियो । सरकारकै आग्रहमा भारतले गत कात्तिक ६ गतेदेखि निर्यात शुल्क हटाएपछि विराटनगरका उद्योगीले भारतबाट वैधानिक रूपमा धान आयात भइरहेको जानकारी दिएका छन् ।

विराटनगरमा चामलको थोक विक्रेता जितु बोथडाका अनुसार गत वर्ष २० प्रतिशत निर्यात शुल्क जोडेर धान आयात गर्दा चामल महँगो थियो । सीमापारि बजार पुगेर ल्याउँदा एक सय केजीमा करिब आठ सय रुपियाँ बच्थ्यो । उपभोक्तासमेत सस्तोमा चामल खोज्दै भारतीय बजार पुग्थे । त्यति मात्रै नभई अवैध रूपमा चामल र धान भित्र्याउने सङ्गठित समूह नै सक्रिय बनेको थियो ।

गत वर्षको हिउँदेमा र अहिले विराटनगरमा सीमापार जोगबनीभन्दा छ रुपियाँ मात्रै चामल महँगो छ । न्यून अन्तरका कारण जोगबनी पुग्नुभन्दा विराटनगरमै खरिद गर्दा ढुवानी खर्चले बराबरी हुने उपभोक्ताको बुझाइ छ । स्वस्तिक राइस मिलका सञ्चालक राजु राठीले २५ किलोको प्याकमा हाल सोना मनसुली चामलको फ्याक्ट्री मूल्य एक हजार पाँच सय, कान्छी मनसुलीको एक हजार ४५०, जिरा मसिनोको दुई हजार ५० र रञ्जित चामलको एक हजार ६५० रहेको जानकारी दिए । यो हुँदा नेपाली उपभोक्तालाई नेपालकै उत्पादनले मूल्यमा राहत मिलिरहेको छ ।


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** – नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ । सामाजिक र धार्मिक कार्यबाट सन्तोष

**वृष** – अतिथिको रूपमा सत्कार पाइएला । राज्यबाट सहयोग मिल्नेछ ।

**मिथुन** – लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिदैन । मित्रताको बन्धन कसिने छ ।

**कर्कट** – सुखमा रमाउने समय छ । नोकरी गर्नेले मानसम्मान पाउनेछन् ।

**सिंह** – बेसुरमा वचन दिने बानीले अप्ठ्यारो हुन सक्छ ।समस्या समाधानका लागि चालिएका

**कन्या** – गरेको काममा ढिलासुस्ती हुनेछ । विचार गरेर निर्णय लिनु उचित होला ।

**तुला** – प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ ।

**वृश्चिक** – आज न्यायिक कार्यमा सफलता मिल्नेछ । धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** – आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** – आज चिताएको कामले तीव्रता लिनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान

**कुम्भ** – आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । रमाइलो यात्रा गर्ने अवसर

**मिन** – वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । श्रमको उचित मूल्याङ्कन हुनेछ ।